स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री नम्रता सापकोटाको फिल्मी करिअरले एक दशक पूरा गरिसकेको छ । यो अवधिमा उनले एक दर्जन फिल्म गरिसकेकी छन् । तर, सफलता भने सहायक भूमिकामा अभिनय गरेको फिल्म 'छक्का पञ्जा'बाट मात्र मिल्यो । सोलो नायिका भएका उनका कुनै फिल्म सफल छैन । अब उनलाई ठूलो आशा भनेको यही साउन २५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'नम्बरी सुन'प्रति छ ।

आजको विचार...



सत्ताको... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे

आगामी भदौ २१ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'रावायण'को टिजर सार्वजनिक गरिएको छ। अभिनेता पल शाहको एक्सनलाई प्राथमिकता दिइएको छ। टिजरमा अधिकांश दृश्यमा द्वन्द्वले स्थान पाएको छ। टिजरमा पल दाह्री र जुँगा सहितको गेटअपमा छन्। फिल्ममा भिलेन चरित्रमा देखिएका प्रमोद अग्रहरि,प्रकाश शाह, प्रदीप ढकाललाई निकै सशक्त रुपमा प्रस्तुत गरिएको छ। टिजरमा नायिका पुजा शर्मा, प्रियंका कार्की, निकिता चण्डक पनि अटाएका छन्। सुदर्शन थापाले फिल्म निर्देशन गरेका हुन्।



❒ वर्ष ३० ❒ अंक २१ ❒ २०८१ साउन २१ गते सोमबार 5 August 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-


# टुँडिखेल सुधार योजना अलपत्र, पाँच वर्ष पुग्दा पनि पाएन पूर्णता

## निर्माण भएका संरचनाकै बिजोग

**भरत शर्मा**

**पाल्पा,** साउन २०/जिल्लाको तानसेन नगरपालिकाले पाँच वर्ष अघि सञ्चालन गरेको टुँडिखेल सुधार योजना अहिले अलपत्र परेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा टुँडिखेल मैदान सुधारसहित जेष्ठ नागरिकमैत्री र बाल उद्यान बनाउने उद्देश्यका साथ काम अगाडि बढाए पनि पुरा नहुँदै अलपत्र परेको हो ।

टुँडिखेल मर्निङवाक, फुटबल मैदानसहित विश्राम गर्न आउने नागरिक, बालबालिका र अन्यका लागि आराम गर्न मिल्ने गरी सुधारको योजना अघि बढाइएको भए पनि नगरपालिकाले धेरै काम अलपत्र पारेको छ । टुँडिखेल सुधारका लागि करिब ४ करोड २२ लाख बजेट छुट्याइएको नगरपालिकाका इन्जिनियर रामप्रसाद श्रेष्ठले बताए । उनले टेण्डर भएको दुई वर्षभित्र काम सक्ने गरी काम भए पनि ढिला गरी काम सकिएको बताए । इञ्जिनियर श्रेष्ठले टेन्डर अनुसारको काम सकिएको भने पनि नगरको योजना अनुसारको काम भने भएको छैन् । जेष्ठ नागरिक र बाल उद्यानपार्क निर्माण भए पनि त्यस भित्रका संरचनाहरु अझै बनाइएको छैन् । बाल उद्यानमा केटाकेहीहरु खेल्न र भुल्नको लागि बगैचा निर्माण गर्ने भनिए पनि त्यो बनेको छैन । टुँडिखेल वरिपरि विभिन्न किसिमका फूल रोपेर सुन्दरता बढाउने भनिएको थियो । त्यो काम पनि अहिले अलपत्र छाडिएको छ । मैदानभित्र बस्तुभाउ छिर्न नसक्ने गरी पर्खाल, फलामको रेलिङ, बाउण्डरी वाल, फुटपाथ ब्लक र मिनी स्टेज बनाइए पनि अहिले त्यसको कुनै संरक्षण नै गरिएको छैन । पार्क भित्र हिड्न नमिल्ने गरी घाँस उम्रिएको छ । नगरपालिकाले आफैले निर्माण गरेको संरचनाको संरक्षणमा चासो देखाएको छैन भने योजना अनुसारको काम नगरी त्यसै छाडेको छ । टुँडिखेलमा घाँस उम्रिएको र पानी जमेर हिलो, खाल्डाखुल्डी हुँदा समेत नगरपालिकाले त्यसको मर्मत सम्भारमा ध्यान नदिएको स्थानीयको आरोप छ ।



तानसेनवासीले पटक-पटक नगरपालिकालाई टुँडिखेल भित्र सरसफाई गर्न आग्रह गरे पनि त्यसको वेवास्ता गरेको छ । केही समय अघि पार्क वरपर घाँस उम्रिएर जान नसक्ने भएपछि स्थानीय अशोक महर्जन र सुरेश लिगलले घुम्न आउने स्थानीयहरुसँग सहयोग जुटाइ घाँस काटेर सरसफाई गरेका थिए । बर्खाको समय भएकाले अहिले फेरी अवस्था उस्तै भएको छ ।

-बाँकी अन्तिम पेजमा

संक्षिप्त समाचार

## पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु

**रासस/सिन्ह्वा**

**नयाँदिल्ली,** २० साउन/भारतको मध्य प्रदेश राज्यमा एक धार्मिक कार्यक्रमका क्रममा पर्खाल भत्किँदा कम्तीमा नौ बालबालिकाको मृत्यु हुनुका साथै अन्य कैयौँ घाइते भएका छन् ।

मध्य प्रदेशको राजधानी भोपालबाट करिब २०५ किलोमिटर उत्तरपूर्वमा पर्ने सागर जिल्लाको शाहपुर गाउँमा पर्खाल भत्किएको हो । 'आइतबार शाहपुरको हरदौल बाबा मन्दिर नजिकै भएको दुःखद घटनामा १० देखि १५ वर्ष उमेर समूहका नौ बालबालिकाको मृत्यु भएको छ भने कैयौँ घाइते भएका छन् । मन्दिरको छेउमा रहेको घरको भित्ता ढल्दा धार्मिक कार्यक्रममा सहभागी हुनका लागि मानिसहरू मन्दिरमा जम्मा भएका थिए,' एक प्रहरी अधिकारीले भने ।

पचास वर्ष पुरानो र जीर्ण घर बर्खायाममा भारी वर्षाका कारण भत्किएको उनले बताए । घटना लगत्तै उद्धार र भग्नावशेषमुनिबाट मृतकलाई निकाल्न प्रकोप प्रतिकार्य बलका जवानहरू र प्रहरी टोलीहरू घटना स्थलमा पठाइएको अधिकारीहरूले जनाएका छन् ।

## नेपालमा चार दशमलव दुई रेक्टरको भूकम्प गयो




**काठमाडौं,** साउन २०/नेपालमा फेरी भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रकानुसार आइतबार दिउँसो ४:०४ मिनेटमा ताप्लेजुङको आँखोप आसपास केन्द्रविन्दु भएर चार दशमलव दुई रेक्टर स्केलको भूकम्प गएको हो ।

यसअघि साउन १३ गते ताप्लेजुङकै खेजेनिम आसपास केन्द्रविन्दु भएर चार दशमवल एक रेक्टर स्केलको भूकम्प गएको थियो । नेपालमा पछिल्लो समय साना भूकम्प जाने क्रम जारी छ ।

नेपालमा अझै पनि भूकम्पको खतरा कायमै रहेको बताइएको छ । नेपालमा शक्तिशाली भूकम्प गएको ८ वर्षपछि जाजरकोट केन्द्रबिन्दु भएर ठूलो भूकम्प गएको थियो । त्यसअघि २०७२ वैशाख १२ गते गोरखाको बारपाकलाई केन्द्रबिन्दु बनाई ७ दशमलव ८ रेक्टर स्केलको भूकम्प गएको थियो । सो भूकम्पमा करिब ९ हजारको मृत्यु भएको थियो भने २२ हजार घाइते भएका थिए ।

## ताराले निलसागर आश्रममा पुगेर मनाइन् जन्मदिन

**पाल्पा,** साउन २०/पछिल्लो समय नेपाली समाजमा जन्मदिन मनाउने नाममा जथाभावी फजुल खर्च गरी भोजभतेर गर्ने, केक काट्ने प्रचलन बढ्दै गएका बेला पाल्पामा भने एक युवतीले आश्रममा पुगेर असहायलाई भोजन गराएर जन्मदिन मनाएकी छन् । गुल्मीको मुसिकोट नगरपालिका- ३ धरम्पानीका शिवबहादुर कार्की र कमला कार्कीको सुपुत्री हाल कुमारी बैंक पाल्पा शाखामा कार्यरत तारा कार्कीले तानसेनस्थित भूषलडाँडामा रहेको निलसागर असहाय, अशक्त तथा जेष्ठ नागरिक सेवा आश्रममा पुगी असहायहरुलाई भोजन गराएर आफ्नो २८ औं जन्मदिन मनाएकी हुन् ।



उनले केक काट्ने फेसनलाई चुनौति दिदै आश्रममा रहेका असहाय, बेसहारा, वृद्धवृद्धा र मानसिक रूपले विक्षिप्त व्यक्तिलाई एक छाक भोजन गराएकी छन् । कार्कीले त्यहाँ रहेका २२ जना असहाय, बेसहारा, वृद्धवृद्धाहरुलाई भोजन गराएकी हुन् । विगतमा केक काटेर जन्मदिन मनाउने गरे पनि यस पटक भने असहायलाई भोजन गराई जन्मदिन मनाएको कार्कीले बताइन् । उनले भनिन् 'सानैदेखि वृद्धवृद्धाहरुलाई बढी माया गर्ने गर्थे, म मा सेवा गर्नुपर्छ भन्ने भावना रहेकाले जन्मदिनमा आश्रममा रहेका असहायहरुलाई एक छाक भोजन गराएकी हुँ ।' केक काट्ने, साथीभाइहरु जम्मा गरेर गरिने फजुल खर्चलाई आश्रममा रहेका असहायहरुको लागि खर्चने सोंचका साथ आश्रममा पुगेर खाना खुवाएको उनले बताईन् । कार्की भन्छिन् 'आफ्नो सबै खुसीमा आफु मात्र खुसी हुनु जीवन सफल हुनु होईन, आफ्नो थोरै खुसी बाडेर अरुलाई पनि खुसी बनाउनु नै जीवनको सफलता हो ।' आगामी दिनमा पनि जन्मदिनमा गरिने खर्च गरिब, भोका नाङ्गाहरुलाई सहयोग गर्ने कार्कीले बताइन् ।

उनले केक काटेर फजुल खर्च गर्नुभन्दा मानव सेवा गरे आफुलाई छुट्टै आनन्द आउने बताईन । भोजन गराएपछि कार्कीले भनिन्, 'सेवा नै धर्म हो, भन्ने भावनाको विकास र मनमा शान्ति भएको महशुस भयो ।' कार्कीले जन्मदिनकै अवसरमा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पाल्पाका रानीमहल, भैरवस्थान मन्दिर लगायतका ऐतिहासिक पर्यटकीय स्थलहरुको समेत भ्रमण गरेकी छन् ।


तु-आवश्यकता

सम्पर्क : होटल श्रीनगर (प्रा.) लि.
HOTEL SRINAGAR (P) LTD.
कैलाशनगर-५, तानसेन, पाल्पा

यस होटल श्रीनगर (प्रा) लि. को लागी केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोस् ।

रेष्टुरेण्ट क्यापटेन : २ जना, वेटर : ६ जना

अनुभवीलाई विशेष प्राथमिकता
दरखास्त दिने अन्तिम मिति २०८१ साउन ३२ गते



फोन नं : ०७५-५२००४५, ९८४७१००८१२, ९८४७०४३११६ Email: hotelsrinagar@gmail.com info@hotelsrinagar.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कक्षा १२ को नतिजा सुधारमा गम्भीर बन

यसपालि १२ कक्षाको नतिजामा ४७ प्रतिशत बढी विद्यार्थी अनुत्तीर्ण भएका छन् र ३ लाख ९० हजार ८ सय ६८ विद्यार्थीले परीक्षा दिएकोमा २ लाख ३ हजार ८ सय ४७ विद्यार्थीमात्रै सफल भएका छन् र

यति धेरै विद्यार्थी फेल हुनुमा नतिजा प्रणालीमा समस्या हो कि शैक्षिक गुणस्तरको दोष हो ? यो विषयले यति बेला सर्वत्र चासो र चर्चा पाएको छ र एकले अर्कोलाई दोषारोपण गर्दै आफू चोखो बन्ने प्रवृत्ति पनि यत्रतत्र देख्न र सुन्न पाइन्छ र अस्ति भर्खर माध्यमिक शिक्षा परीक्षा ( एसईई) को नतिजाले नेपाली शिक्षा प्रणालीको पटाक्षेप गर्दै कमजोरी उदांगो पारेको थियो र आधाभन्दा बढी विद्यार्थी कक्षा ११ का लागि भर्ना हुन अयोग्य भएका थिए र अहिले कक्षा १२ को नतिजा पनि उस्तै उस्तै छ र नतिजा कमजोर आउनु अर्थात् १२ को नतिजामा ५२.९१ प्रतिशतमात्रै विद्यार्थी उत्तीर्ण हुनुले फेरि विद्यालय शिक्षाको ऐना देखाएको हो र त्यत्तिले विद्यार्थीको पूरै जिन्दगी असफल भएको त होइन र तर, विद्यालय तह पनि उत्तीर्ण नभएको व्यक्ति भोलिका दिनमा दक्ष जनशक्तिचाहिँ नबन्न पनि सक्छ र शिक्षितको संख्या यसै पनि कम हुने नै भयो र २०७९ र २०८० मा विद्यार्थी उत्तीर्णको तथ्यांकका आधारमा विश्लेषण गर्दा यस वर्षको नतिजामा भने सुधार आएको देखिन्छ र तर यो खुसी हुनलायक उपलब्धि भने होइन र किनकि, निरन्तर आधाजसो विद्यार्थी अनुत्तीर्ण भइरहेको यथार्थ सँगसँगै छ र विद्यार्थी अनुत्तीर्णको यस्ता तथ्यांक एकदमै चिन्ताजनक छ । यसप्रति सम्बन्धित निकाय तथा व्यक्तिहरूले जिम्मेवारी लिन जरुरी छ । आधा विद्यार्थी अनुत्तीर्ण हुनु भनेको आधा परिवार अनुत्तीर्ण हुनु हो । विद्यार्थी स्वयं र उनको परिवारको मनोबल कमजोर हुनु हो ।

शैक्षिक गुणस्तर सुधारका नाममा अनेकौं नाटक मञ्चनहरू गरिन्छन् त्यस्ता नाटकहरू व्यवहारतः परिणाममुखी नदेखिँदा एकले अर्कोलाई दोष थोपार्ने बाहेक अरु कुनै उल्लेख्य प्रगति भएको देखिँदैन र यो अत्यन्त दुखको कुरा हो र दोष जसले जसलाई दिए पनि विशेषतः राज्यको शिक्षा क्षेत्रमा दीर्घकालीन एवं स्पष्ट नीति नहुनु, वर्षौंपिच्छे फरक–फरक नीति नियमहरुको अभ्यास गरिनु जस्ता सन्दर्भहरू यस पटकको नतिजामा देखिएका प्रत्यक्ष असरहरू हुन् र नतिजामा देखिने विशिष्ट कमजोरीलाई सुधार गर्दै जाने हो भने केही वर्षमै नतिजा राम्रो बन्दै जानेछ । तर हरेक वर्ष परीक्षाफल सार्वजनिक भएको साता कमजोरी सुधारका लागि बहस हुने तर केही समयपछि बिर्सिहाल्ने पुरातन प्रवृत्तिलाई जारी राख्ने हो भने नतिजामा कहिल्यै सुधार आउने छैन । यसर्थ यसतर्फ जिम्मेवार निकाय गम्भीर बन्न जरुरी छ ।

### Opinion @ Social Network

पैसा छैन र पो कसैले साथ दिँदैनन्,
नत्र साथी र आफन्त त मेरो पनि धेरै छन् ।
*(विरेन्द्र घर्तिको फेसबुक स्टाटसबाट www.facebook.com//gharti.birendra5)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सत्ताको मात नलागोस्



डा. गणेशप्रसाद घिमिरे

*रोजगारीमा पनि कसैको भनाइ नलागोस् । योग्य र क्षमता भएका व्यक्तिले रोजगारीको अवसर पाऊन् । बालिक मताधिकारबाट चुनिएका प्रतिनिधि जनताको काममा समर्पित बनून् । भ्रष्टाचारमा न्यूनता आओस् ।*

मात धेरैको धेरैलाई लाग्छ । नसालु पदार्थ सेवन गरेर पाइने नसा मात हो । धन, मान, यौवन, इज्जतको घमण्डलाई पनि मात नै भनिन्छ । यी मात व्यक्तिगत जीवनमा आउने मात हुन् । यी माथिका मातहरू व्यक्तिगत हुन् । यी मात व्यक्तिगत रूपमा रहने हुनाले व्यक्तिस्तरमा नै रहेका हुन्छन् तर मानिसमा नजानिँदो तरिकाले लाग्ने मात हो सत्ताको मात । यो मात सारै नसालु पनि हुन्छ । यो मात व्यक्तिगत हुँदैन । यो सत्ताको मात पारिवारिक र आफन्तमात्रमा सीमित रहेको हुँदैन । यो मातले राष्ट्र, राष्ट्रिय परिवेश र मान्यतालाई समेत नसामा डुबाएको हुन्छ । सत्ताको मात र सत्तामा आसीन भएका व्यक्तिलाई लाग्ने मातलाई संसारको सबैभन्दा ठूलो मात मानिएको छ । भाग्यमानी र सबल मानिसलाई लाग्ने मातलाई सत्ताको मात भनिन्छ ।

नेपालको संसदीय व्यवस्थाको दोस्रो निर्वाचन गणतन्त्रपछि २०७९ सालमा भएको थियो । निर्वाचनले केही पक्षमा सकारात्मक सोच र जनताको अपेक्षालाई बाहिर ल्याएको थियो । नेपालका तत्कालीन राजनीतिक दलले नसोचेको परिणाम पनि नआएको होइन । केही समय पहिला खुलेर निर्वाचनमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई दरिलो तरिकाले उभ्यायो गएको निर्वाचनमा । उक्त पार्टीका पक्षमा आएको जनलहरलाई नेपालका ठूला राजनीतिक दलले पनि अनुभव गरेका थिएनन् । तर उनीहरूको आगमन नेपालका ठूला राजनीतिक दलका लागि भने झटारो थियो । उक्त निर्वाचनपछि विभिन्न तरिकाको प्रयोग गरेर भए पनि नेकपा माओवादीका अध्यक्ष सत्तामा रहे । यही २०८१ साल असार ३१ गते नेपालका ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सत्ता साझेदारी गरेका छन् । यो नेपालको राजनीतिक इतिहासमा स्थिरताको दिन मान्न सकिने आधार पनि हो ।

**सत्ताको मोहमा नफस**

सत्ताको मोह डरलाग्दो मोह हो । राजनीतिमा सत्ताले कहिले काँही पारिवारिक विघटनमात्र होइन परिवारको नाश पनि गरेको छ । सत्ता त्यो नसा हो जसमा फसेपछि मानिसलाई बाहिर निक्लन साह्रै गारो हुने गरेको हुन्छ । सत्ताको मोह महाभारत र रामायणमा स्पष्ट पाइन्छ । महाभारतले शासनव्यवस्थामा सबैभन्दा महत्व व्यापारीलाई दिएको छ । व्यापारीबाट राज्यको आर्थिक वृद्धिमा सहयोग हुने हुनाले व्यापारीप्रति महाभा

तस्माद् गोमिषु यत्नेन प्रीतिं कुर्याद् विचक्षण:
दयवानप्रमत्तश्च करान् सम्प्रणयन् मृदुन् ।।

गतिलो शासक सदा वैश्य वा व्यापारीप्रति प्रेमभाव बनाएर बसेको हुन्छ । शासकले सावधानीपूर्वक उनीहरूसित व्यवहार गरोस् र सामान्य कर लगाएर उनीहरूको कामलाई गति दिने नीति निर्माण गरोस् । व्यापारीबाट राज्यको अर्थतन्त्र चलायमान् हुने हुनाले राज्यले व्यापारीप्रति गरिने व्यवहारलाई भिन्न मानेको देखिन्छ । शासनमा व्यापारीलाई अर्थतन्त्रका मेरुदण्ड मानेको देखियो । शासनव्यवस्थामा व्यापारले गति पायो भने राज्य आर्थिक दृष्टिले सम्पन्न हुने तर्कलाई पनि महाभारतले बाहिर ल्याएको छ ।

अजस्रमुपयोक्तव्यं फलं गोमिषु भारत
प्रभावयन्ति राष्ट्रं च व्यवहारं कृषिं तथा ।।

व्यापारीलाई उनीहरूको परिश्रमको फल दिनुपर्दछ । उनीहरूबाट नै राष्ट्रको वाणिज्य, व्यवसाय र कृषि गतिशील हुने गरेको हुन्छ । वास्तवमा कुनै पनि मुलुकको विकासका लागि आर्थिक समुन्नतिलाई पहिलो आधार मानिएको छ । आर्थिक वृद्धिमा व्यापार व्यवसायलाई प्रमुख मान्यता महाभारतले दिएको छ । व्यापारका माध्यमबाट देशको अर्थतन्त्र नै चलायमान हुने हुनाले यसलाई महत्वपूर्ण आधारमा हेरिएको पाइन्छ । व्यापारलाई निरन्तरता देशविकासको आधार मानिएको छ । आज आएर संसारका कुनै पनि विकसित मुलुक व्यापारका माध्यमबाट नै सम्पन्न बनेका छन् । ती देशेका सम्पन्नताको पहिलो आधार व्यापार नै मानिएको देखिन्छ । आजमात्र होइन महाभारतकालीन समयमा पनि व्यापार र व्यापारीप्रतिको व्यवहारमा सहजता अपनाउने धारणा बाहिर आएको देखिन्छ । व्यापारीलाई देश भ्रमणको आदेश महाभारतले दिएको छ । व्यापारी देशको कुनै पनि भागमा विचरण गरेर आफ्नो व्यापारलाई प्रबर्धन गर्न सकोस् ।

सर्वत्र क्षेमचरणं सुलभं नाम गोमिषु
न फयत: सदृशं किंचिद् वरमस्ति युधिष्ठिर ।।

यो युधिष्ठिरलाई भीष्मले बताएका हुन् । राज्यले नै व्यापारीलाई देशको कुनै पनि भागमा भ्रमण गरेर व्यापारलाई गति दिइ अर्थतन्त्रको सुदृढतालाई प्राथमिकता दिने प्रयास गरोस् भनियो । व्यापारको विकासबाट राज्यले गति पाउने हुँदा आजको विश्व व्यापारको विकासमा आफूलाई अब्बल सावित गर्न लागिपरेको छ । निर्यातलाई बढाएर आयातलाई संकुचित पार्नु आजका विकसित मुलुकको व्यापार नीति बनेको देखिन्छ । कोरोनापछि नेपालको व्यापारमा सुधार आउन सकेको छैन । सदा ओरालो लागेको शेयर बजार यो नयाँ सरकारको पालामा उकालो लागेको देखियो । यो सबै क्षेत्रमा लागू हुन सक्यो भने नेपालको विकासलाई यी दुई दल आवश्यक हुन् भन्ने तथ्यलाई प्रमाणित गरेको हुने थियो ।

**मात नचढोस्**

सत्ताको मातमा फसेको मानिस कहिले पनि बाहिर निक्लन सक्दैन । उसलाई मातले जहिले पनि गतिशील बनाएको हुन्छ । वर्तमान गठबन्धन नेपालको इतिहासमा गतिलो बनेर आएको गठबन्धन हो । सत्ताको वरिपरि घुमेर अरूलाई घुर्की लगाउने माओवादीका विपरीत आएको गठबन्धन हो । यो गठबन्धनप्रति पनि नेपालीहरूको विश्वास भने जागेको छैन । नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्तालाई यो गठबन्धनले केही खुशी दिएको पक्कै पनि हो । यो खुशी नेपाली जनताका लागि हुनु अनिवार्य मानिएको छ । यो खुशी नेपाली जनताका लागि भएन भने वास्तवमा नेपालको विकास र उन्नतिमा कसैको भूमिका छैन भन्ने सन्दर्भलाई प्रमाणित गरिदिनेछ । यो गठबन्धमा देखिएको सक्रियता र शासन चलाउने जिम्मेवारी बोकेका व्यक्तिहरूबाट देश र देशवासी प्राथमिकतामा पर्नु अनिवार्य मानिएको छ ।

भ्रष्टाचारका फायल खुल्ने डरका कारण पुरानो गठबन्धन भत्किएको तर्क बाहिर आएको छ । सत्ता कहिले पनि निजी र व्यक्तिगत हुँदैन । आवश्यक परेको समयमा गठबन्धन बन्ने र भत्किने पक्षलाई राजनीतिको इतिहासमा सामान्य तरिकाले लिनुपर्दछ । तर, यो गठबन्धनको जिम्मेवारी नेपाली जनतालाई विश्वासमा लिन सक्नु हो । राजनीति नितान्त स्वार्थका लागि हुनुहुँदैन । राजनीतिमा यी दुई दलको गठबन्धन व्यक्तिगत स्वार्थको साधन नबनोस् । देशको विकासको आधार बनोस् । सत्तामा गएपछि मात्तिने अवस्था सिर्जना नहोस् । नेपालको विकासमा गति बढोस् । शासकले राष्ट्रलाई नीतिगत रूपमा दोहन गर्ने हो । नीति बनाएर गरिने निर्णयमा कसैको पनि विमति देखिँदैन ।

जलौकावत् पिबेद् राष्ट्रं मृदुनैव नराधिप:
व्याघ्रीव च हरेत् पुत्रान् संदेशन्न च पीडयत् ।।

जसरी जुकाले विस्तारै रगत चुसिरहेको हुन्छ त्यसरी नै शासकले कोमलता र नीतिगत रूपमा बिस्तारै कर लिनुपर्दछ । जसरी बाघिनले आफ्नो बच्चा (डमरु) लाई दाँतले समातेर यताउता गराउँछे तर उक्त बच्चालाई उसले टोक्दिन र उसको शरीरमा कुनै किसमको असर पनि हुँदैन । त्यसरी नै शासकले कोमल उपायद्वारा राष्ट्रको दोहन गर्नुपर्दछ । यो दोहन भ्रष्टाचार तथा कमिसनको दोहन होइन । यो दोहन त राज्यलाई विकासतिर उन्मुख बनाउने दोहन हो । राज्यको विकासका लागि महाभारत कर उठाउन आग्रह गर्दछ । तर, करको असुली कानुनी तरिकाले गर्नुपर्ने तर्कलाई भने गतिलो तरिकाले उठाएको छ । राष्ट्रको दोहन व्यक्तिगत हित र व्यक्तिगत सनकका आधारमा गरिनुहुँदैन भन्ने धारणा महाभारतमा भनिएको छ ।

वर्तमान सरकारको गठबन्धनमा व्यक्तिगत स्वार्थले ठाउँ पाउनु हुँदैन । नेपालीलाई विश्वासमा लिने खालको विकास हुनु अनिवार्य मानिएको छ । यो गठबन्धन देशको उन्नति विकासका लागि भएको हो भन्ने प्रमाण दिनु आवश्यक देखिएको छ । देशलाई गणतन्त्रमा ल्याउने यी दुवै दल हुन् । तत्कालीन विद्रोही पक्ष पनि गणतन्त्रका लागि सक्रिय पात्र पक्कै पनि हो । नेपालको इतिहासमा चौथोपटक प्रधानमन्त्री बनेका ओलीले अबको कार्यकाललाई हावादारी गफमा लिने छैनन् । केरुङबाट रेल ल्याउने, नेपालमा पानीजहाज चलाउने जस्ता गफलाई विकासको आधार मान्ने समय भएको छैन । नेपाली युवालाई रोजगारीको व्यवस्था होस् । अध्ययन गर्न चाहने विषयलाई विद्यार्थीले नेपालमा नै अध्ययन गर्ने अवसर पाऊन् ।

रोजगारीमा पनि कसैको भनाइ नलागोस् । योग्य र क्षमता भएका व्यक्तिले रोजगारीको अवसर पाऊन् । बालिक मताधिकारबाट चुनिएका प्रतिनिधि जनताको काममा समर्पित बनून् । भ्रष्टाचारमा न्यूनता आओस् । शासनमा बसेका व्यक्तिहरू भ्रष्टाचारबाट अकूत सम्पत्तिका मालिक नबनून् । इमानदारीपूर्वक पनि जीवन चलाउन सकिन्छ भन्ने सन्देश सरकारको प्राथमिकता बनोस् । सत्ताको मातले मन्त्री न मात्तिने गरुन् । देशको विकास र देशको उन्नति पहिलो प्राथमिकतामा परोस् । देशका प्राज्ञिक क्षेत्र क्षतविक्षत भए । तिनको सुधार कहिले र कसले गर्ने हो ? पर्यटनको विकासर पर्यटकको आगमन यो वर्षमा उपलब्धीमूलक मानिएको छ । सत्ताको मातमा नरमेर देश विकासको जिम्मेवार यी दुईदलमा गएको छ । यो अवधिमा देशको विकास गर्न सकेनौं भने तिमीहरूको हालत पनि पुरानो पारामा देखिनेछ । काठमाडौंलाई आज बालेको शहर भन्न थालियो किन ? बालेनले कालो चश्मा कोट लगाएर पक्कै पनि होइन ।

उनले काठमाडौंको विकासका लागि लिएका निर्णयले उनलाई काठमाडौंवासीले मन पराएका हुन् । गत निवार्चनमा बहकिएर अन्यत्र मतदान गर्ने तिम्रा कार्यकर्तालाई आउने निर्वाचनमा आफ्नो माऊ पार्टी र त्यसका उम्मेदवारलाई मत दिने व्यवस्था मिलाउन नसके अर्को निर्वाचनमा पनि जनताले विकल्पको खोज गर्ने छन् । सत्ता र भत्ताको मातमा नरमेर देशको विकासका लागि समर्पित बन ।

*–इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ। | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ । |




# त्रिभुवन विश्वविद्यालयमा पुन: राजनीतिक टकराब



त्रिभुवन विश्वविद्यालयमा आरोपप्रत्यारोप सुरु भएसँगै विश्वविद्यालयमा सत्ता र शक्तिको राजनीति देखिएको छ । त्यसको पछिल्लो उदाहरण हो, त्रिवि सभाको बैठक ।

२०८१ साउन १५ गते त्रिवि सभा (सिनेट) राखिएको थियो । जसमा कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओली, सह-कुलपति एवम् शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसहित सिनेटरहरूको उपस्थिति थियो ।

सभामा आर्थिक वर्ष २०८१/०८२ को बजेट पारित गरी सम्पन्न भयो । आर्थिक वर्ष २०८१/०८२ का लागि २६ अर्ब १६ करोड ८७ लाख ३५ हजार रुपैयाँको बजेट पारित भएको छ । लगत्तै पुन: सुरु भएको बैठकले ६२ औं ग्रेस लिस्ट स्वीकृतिको औपचारिकता पुरा गरेपछि गाउन फेर्न ब्रेक भएको थियो । ग्रेस लिस्टमा २०८० असार १ गतेदेखि २०८१ जेठ मसान्त सम्म तोकिएका सम्पूर्ण आवश्यकता पुरा गरी ट्रान्सक्रिप्ट समेत लिइसकेका स्नातक, स्नातकोत्तर, पीजीडीए, एमफील र विद्यावारिधि तहका कुल ७३ हजार ९ सय ९५ विद्यार्थीहरू समावेश भएका छन् । त्यसपछि बैठक नीति तथा कार्यक्रम पेस गर्ने कार्यतालिका थियो । उपकुलपति प्राडा केशरजंग बरालले नीति तथा कार्यक्रम पेस गर्न खोज्दा कुलपति रहेका प्रधानमन्त्रीले रोके । नीति तथा कार्यक्रमका विषयमा आपत्ति जनाउँदै ओलीले भने, 'म आएकै बैठकमा विश्वविद्यालयको कुलपतिमा प्रधानमन्त्री हुनुहुँदैन भन्ने प्रस्ताव किन राखियो ? प्रधानमन्त्री आएर सुन्दा नै सरकारमा छिटो पुग्ला कि भनेर ?'

त्यसपछि आफू व्यस्त रहेको भन्दै उनी बजेटमाथि छलफलको अध्यक्षता सहकुलपतिलाई दिएर निस्किए । कुलपति निस्किएपछि नीति तथा कार्यक्रममाथिको छलफल हुन सकेन । र चाँडै नीति अधिवेशन गर्ने भन्दै सभा सकियो । नीति तथा कार्यक्रममाथि छलफल गर्नका लागि त्रिविले आगामी मङ्सिर महिनामा त्रिवि सभाको विशेष बैठक गर्ने भएको छ । शिक्षाध्यक्ष प्राडा खड्ग केसीले नीतिगत प्रस्तावहरू लगायत अन्य नीतिगत विषयहरूमा विशेष बैठकमार्फत सम्बोधन गर्ने कार्यक्रम रहेको बताए । यता नीति तथा कार्यक्रम रोकेर कुलपतिले राजनीति गरेको आरोप उपकुलपति प्राडा केशरजंग बरालको छ । यस्तै तरिकाले विश्वविद्यालय चलाउन नसकिने उनको तर्क छ । त्रिविको इतिहासमा नीति तथा कार्यक्रमका आधारमा बजेट स्वीकृत गर्ने अभ्यास रहँदै आएको छ । तर, यो पटक भने नीति तथा कार्यक्रम पेस नै नभएर बजेट स्वीकृत भयो । त्रिवि सुधारका लागि भागबण्डा अन्त्य गर्ने उद्घोषसहित अघि बढिरहेको त्रिवि पदाधिकारीलाई पहिलो गाँसमा नै ढुङ्गा लागेको छ । प्राज्ञ समूहले तयार पारेको वार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्न नै हस्तक्षेपपूर्ण ढङ्गले रोकिएपछि पदाधिकारी कुलपतिसँग असन्तुष्ट बनेका छन् ।

**ओलीको असहयोगको कारण**

नेकपा एमालेको तर्फबाट प्रधानमन्त्री बनेका ओलीको पक्षमा उनकै पार्टी सम्बद्धहरू छन् । अन्य भने त्रिविमा प्रधानमन्त्रीको हस्तक्षेप सुरु भएको, नीति तथा कार्यक्रम पारित गर्न नदिएको भन्दै आक्रोश व्यक्त गर्दै आएका छन् । त्रिविकै पदाधिकारीहरू समेत प्रधानमन्त्रीले असहयोग गरेको बताउँदै आएका छन् । प्रधानमन्त्री र पदाधिकारीहरूको आरोप प्रत्यारोप सुरु भएसँगै त्रिविमा अस्थिरताको खेल सुरु हुने देखिएको छ ।

तत्कालीन प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिविको नेतृत्व खुला प्रतिस्पर्धाबाट गराउने घोषणा गरे । अघिल्लो वर्षको त्रिविको ६१ औँ दीक्षान्त समारोहमा बोल्दै प्रचण्डले खुला मेरिटबेसको आधारमा पदाधिकारी छनोट गरिने घोषणा गरेका थिए । त्यसपछि शिक्षामन्त्रीको अध्यक्षतामा तीन सदस्यीय उपकुलपति छनोट तथा सिफारिस समिति बन्यो । समितिले खुला प्रतिस्पर्धाबाट आएका आवेदनहरूमध्ये तीन जनाको नाम कुलपति समक्ष सिफारिस गरेको थियो । सिफारिसको आधारमा कुलपतिले २०८० फागुन ११ गते प्राडा केशरजंग बराललाई उपकुलपतिमा नियुक्त गरेका थिए । बराल नियुक्त भएसँगै उनले आफ्नो टिमको खोजीमा लागे । त्यसका लागि शिक्षामन्त्रीको संयोजकत्वमा रहेको सिफारिस समितिले खुला प्रतिस्पर्धाबाट आवेदन आह्वान गर्यो । शिक्षाध्यक्ष र रजिस्ट्रारका लागि खुला प्रतिस्पर्धाबाट परेका आवेदनहरूलाई छनोट गरेर तीन जनाको नाम कुलपति समक्ष पेस गरिएको थियो । सिफारिस गरेको रेक्टर र रजिस्ट्रारको नियुक्ति 'प्रचण्ड' ले केही दिन होल्ड गरिदिए । त्यसमा प्रचण्डको भन्दा पनि तत्कालीन सत्ता साझेदार दल एमाले अध्यक्ष ओलीको स्वार्थ हाबी भएको थियो । अध्यक्ष ओलीले सिफारिस गरिएको नाममा असन्तुष्टि जनाउँदै प्रचण्डलाई नियुक्त नगर्न चर्को दबाब दिएका थिए । उपकुलपति बरालले रेक्टरमा प्राडा खड्क केसी र रजिष्ट्रारमा प्राडा केदार रिजाललाई नियुक्तिका लागि सिफारिस गरेका थिए । तर, एमालेले पार्टीनिकट प्रगतिशील प्राध्यापक संगठनका अध्यक्ष प्राडा वेदराज केसी र कांग्रेसले प्रजातान्त्रिक प्राध्यापक संघका अध्यक्ष जगत तिमिल्सिनालाई नियुक्त गर्नुपर्ने दबाब दिएको थियो । लामो समयदेखि होल्ड गरेपछि तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठ उपकुलपति बराललाई साथमा लिएर प्रधानमन्त्री निवास बालुवाटार गइन् । उनले साथमा राजीनामा पत्र समेत बोकेकी थिइन् । उनले प्रधानमन्त्रीलाई त्यही बेला प्रस्टसँग प्रश्न गरेकी थिइन्, 'प्रक्रिया पुरा गरेर सिफारिस गरिएको नाम किन नियुक्त हुन सकेन ? यदि हुँदैन भने म मन्त्रालयको नेतृत्वमा बसिरहन सक्दिनँ । या सिफारिस गरिएकालाई नियुक्त गरिदिनुस्, होइन भने मेरो राजीनामा स्वीकृत गरिदिनुस् ।' शिक्षामन्त्रीको धम्कीपछि प्रचण्डले केसी र रिजाललाई नै नियुक्त गरे । तर, ओली भने निकै रुष्ट बने । त्यसपछि उनले विभिन्न सार्वजनिक मञ्चमा नै सुमनालक्षित कटाक्ष गर्न थाले ।

तत्कालीन शिक्षामन्त्री श्रेष्ठले प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुने व्यवस्था हटाउनुपर्ने बताउँदै आएकी थिइन् । सोही आधारमा त्रिविको हालको नेतृत्वले नीति तथा कार्यक्रममा प्रधानमन्त्री कुलपति नहुने व्यवस्था सहितको प्रस्ताव गर्न खोजेको थियो । यता, आफूले नै अध्यक्षता गरिरहेको सभामा आफूलाई नै राख्न नमिल्नेसहितको प्रस्ताव आएपछि प्रधानमन्त्रीको माथा तात्नु स्वाभाविक थियो ।

**विद्यार्थी संगठनहरू विभाजित**

नीति तथा कार्यक्रम प्रधानमन्त्रीका कारण रोकियो भन्ने विषयमा विद्यार्थी संगठनहरू भने विभाजित देखिएका छन् । यसमा सत्तापक्ष र प्रतिपक्षनिकट विद्यार्थी संगठनहरूका आ-आफ्नै तर्क छन् । प्रतिपक्ष दल निकट विद्यार्थी संगठनहरूले प्रधानमन्त्रीको हस्तक्षेपकारी भूमिका रहेको भन्दै आपत्ति जनाएका छन् ।

नेकपा माओवादी निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारी, नेकपा एकीकृत समाजवादीनिकट विद्यार्थी संगठन अनेरास्ववियू, नेपाल समाजवादी विद्यार्थी युनियन, अखिल समाजवादी, समाजवादी विद्यार्थी युनियन नेपाल र अखिल छैटौँले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै ध्यानाकर्षण गराएका छन् । प्रधानमन्त्रीले नीति तथा कार्यक्रम रोक्दा प्रतिस्पर्धाबाट चुनिएको नेतृत्वले सुधारका काममा बाधा उत्पन्न हुने उनीहरूको निष्कर्ष छ । प्रधानमन्त्रीले सभाबाट नीति तथा कार्यक्रम रोकेर पदाधिकारीलाई दबाबमा राख्न खोजेको र त्रिवि पदाधिकारीलाई असहयोगको सङ्केत रहेको उनीहरूको ठहर छ ।

तर, सत्तापक्षनिकट विद्यार्थी संगठन भने नीति तथा कार्यक्रम रोकिनुमा प्रधानमन्त्री नभई त्रिवि जिम्मेवार रहेको दाबी गरेका छन् । एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुले त्रिविको पूर्वतयारी बिना नीति तथा कार्यक्रम बाहिर ल्याएकाले थप छलफल आवश्यक रहेको बताएको छ । त्यस्तै नेविसंघले नीति तथा कार्यक्रम रोकिनुमा प्रधानमन्त्री र त्रिविबिच समन्वय नपुगेको जनाएको छ । सिनेटमा सहभागी पुल्चोक इन्जिनियरिङ कलेजका स्ववियु सभापति विराज अर्यालले त्रिविले नीति तथा कार्यक्रममाथि छलफल नै नगरी सिनेटमा पेस गरेको बताए । प्रि-सिनेटमा नीति तथा कार्यक्रममाथि छलफल हुनुपर्छ भन्दा छलफल नै नगरिएको उनको आरोप छ । छलफल नै नगरी सिनेटमा पेस भएको नीति तथा कार्यक्रममा कर्मचारी तथा शिक्षकहरूले नै आपत्ति जनाएपछि रोकिएको उनले बताए । *-रातोपाटी डटकम*

# अब नर्सिङ पढ्न १२ कक्षा पास गरेको हुनुपर्ने



अबदेखि नर्सिङ पढ्न १२ कक्षा पास हुनुपर्ने भएको छ । चिकित्सा शिक्षा आयोगले यस विषयमा अध्ययन गरिरहेको जनाएको छ । कार्यदलले दिएको प्रतिवेदन पारित गरेर नर्सिङ शिक्षा अध्ययन अध्यापनसम्बन्धी मापदण्ड निर्माणलाई अन्तिम चरणमा पुर्याइएको आयोगका सदस्यसचिव कृष्णप्रसाद काप्रीले जानकारी दिए ।

नेपाल नर्सिङ काउन्सिलका अध्यक्ष प्राध्यापक सरला केसीको संयोजकत्वमा गठन भएको कार्यदलले १२ कक्षा उत्तीर्ण गरेपछि मात्रै नर्सिङ विषयको पढाइ सञ्चालन गर्न उपयुक्त हुने सुझावसहितको प्रतिवेदन दिएको थियो । विदेशका धेरै देशमासमेत कक्षा १२ उत्तीर्ण गरेपछि मात्रै नर्सिङको पढाइ हुने गरेको अध्ययनबाट देखिएकाले नेपालमा पनि यही व्यवस्था लागू गर्नेबारे गृहकार्य भइरहेको सदस्यसचिव काप्रीले बताए । उनीका अनुसार नयाँ व्यवस्था कार्यान्वयनमा आएमा १२ कक्षापछि तीन वर्षको नर्सिङ विषयको पढाइ हुन्छ । नयाँ व्यवस्था अनुसार जुनसुकै विषयमा कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीले पनि नर्सिङ पढ्न पाउनेछन् । अहिले माध्यमिक शिक्षा परीक्षा (एसइई) पास गर्नेले नर्सिङ पढ्न पाउने व्यवस्था छ ।

यसैबीच प्रतिनिधि सभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिले मापदण्ड पूरा भएका नर्सिङ कलेजलाई सम्बन्धन दिन निर्देशन दिएको छ । समितिको हिजोको बैठकले यस्तो निर्देशन दिएको हो । अहिले सम्बन्धन दिन लागिएको नर्सिङ कलेजले यसै शैक्षिक सत्रदेखि नर्सिङ विषयको पढाइ सञ्चालन गर्न पाउने छन् । *-उज्यालो खबर डटकम*


# निजीभन्दा अब्बल बन्दै सरकारी विद्यालय




कुनै समय ओझेलमा परेको बागलुङ नगरपालिका-८ सिगानाको सिगाना माध्यमिक विद्यालय लामिचौर तीन वर्ष यता चर्चामा छ । झट्ट हेर्दा जिल्ला सदरमुकामको निजी विद्यालयभन्दा राम्रो देखिने त्यही विद्यालयमा तीन वर्ष अघि शौचालय र खानेपानीको समेत अभाव थियो । तर पछिल्लो समय सुविधा सम्पन्न भवन, कक्षाकोठा, बाल उद्यान, बालमैत्री शौचालय, बगैंचाले सिँगारिएको प्राङ्गणले विद्यालयको वातावरण मनमोहक बनेको छ ।

विद्यालयको शैक्षिक गुणस्तरका लागि सुविधा सम्पन्न भौतिक पूर्वाधार पहिलो प्राथमिकता भएकाले विद्यालयले तीन वर्षयता पूर्वाधार निर्माणमा जोड दिएको छ । विद्यालयको पूर्वाधारसँगै प्रविधिमैत्री शिक्षण सिकाइ, अतिरिक्त कक्षा, बाल उद्यान, प्रयोगशाला, कम्प्युटर ल्याबलगायत सुविधाका कारण विद्यार्थीको शैक्षिक गुणस्तरमा समेत वृद्धि भएको छ । शैक्षिक गुणस्तर बढाउन अतिरिक्त कक्षा र प्रविधिमैत्री शिक्षामा जोड दिइएको छ । जस्तापाताले छाएर छाप्रामा अध्ययन-अध्यापन गर्ने समयमा उक्त विद्यालयमा शौचालय अभाव थियो । विद्यालयले तीन वर्षमै पूर्वाधारमा मात्र होइन बागलुङ नगरकै पहिलो बालमैत्री विद्यालयको परिचय बनाएको छ । विसं २०१० सालमा चन्द्रबहादुर थापाले स्थापना गरेको उक्त विद्यालयलाई अहिले उनकै छोरा टीकाराम थापाले हाँकिरहेका छन् । बुबाले स्थापना गरेको विद्यालयलाई नमुना बनाउन सहरबाट गाउँ फर्केर विद्यालय व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी बहन गरेको उनको भनाइ छ । थापाले आफ्नो तीन वर्षे कार्यकालमा रु एक करोड ३२ लाख खर्चेर विद्यालयलाई भौतिक पूर्वाधारमा नमुना बनाउँदै प्रविधिमैत्री शिक्षालाई जोड दिएको बताए । भौतिक पूर्वाधार थपिएपछि विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ । तीन वर्षमा राष्ट्रपति शैक्षिक सुधारअन्तर्गत रु ५० लाख लागतमा चारकोठे भवन निर्माण, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत रु १८ लाखमा दुई कोठे भवन निर्माण, पुन: निर्माण प्राधिकरणबाट प्राप्त रु १५ लाखको लागतमा अपाङ्ग र बालमैत्री शौचालय निर्माण, पुन: निर्माण प्राधिकरणकै रु सात लाखमा शुद्ध खानेपानीको व्यवस्था गर्न सफल भएको थापाको भनाइ छ । यस्तै, गण्डकी प्रदेश सरकारको सहयोगमा रु सात लाखमा कक्षा कोठामा स्मार्ट टिभीसहितको अध्यापनको व्यवस्था, बागलुङ नगरपालिकाको रु आठ लाख लागतमा एक शिक्षक एक ल्यापटप, कम्प्युटर र विज्ञान प्रयोगशाला र देउसी भैलोबाट सङ्कलन भएर बचत भएको रु २७ लाखबाट बाल उद्यान, प्रवेशद्वार, तारबार, खानेपानी लगायतको व्यवस्था गरिएको अध्यक्ष थापाले बताए । 'विद्यालय ऋणमा डुबेको थियो, भौतिक पूर्वाधारको अभाव थियो, खानेपानी र शौचालयको राम्रो व्यवस्था थिएन, बसाइसराइको प्रभावले विद्यार्थी घट्दै थिए, दलित समुदायका विद्यार्थी पोसाकबिना आउने गर्दथे,' उनले भने, 'एक पटक गाउँ फर्केर विद्यालयमा सुधार गर्नुपर्यो भन्ने सोच आयो, सबैले साथ दिए, देउसी भैलो खेलेर सङ्कलन गरेको रकमले विद्यालयको भौतिक र शैक्षिक सुधारमा खर्च गरियो ।' अधिकांश दलित समुदायका विद्यार्थीले अध्ययन गर्ने विद्यालयलाई नमुना बनाउन थापाको अभियानलाई शिक्षक अभिभावक सैका अध्यक्ष गोविन्दप्रसाद गौतम, स्थानीय जनप्रतिनिधि, बागलुङ नगरपालिका र अभिभावकको आर्थिक, भौतिक र नैतिक सहयोग रहेकाले विद्यालयले मुहार फेर्न सफल भएको वडा सदस्य मनबहादुर नेपालीले बताए । *-रासस*

# कक्षा १२ को मौका परीक्षा भदौ २५ र २६ गते हुने




कक्षा १२ ग्रेड वृद्धि (मौका परीक्षा) आगामी भदौ २५ र २६ गते हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले पूरक परीक्षाको लागि आवेदन फारम भर्न आह्वान गरेको छ ।

बोर्डले २०८० सालको कक्षा १२ नतिजा शुक्रबार सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको नतिजा अनुसार ५२।९१ प्रतिशत विद्यार्थी ग्रेडेड (उत्तीर्ण) भएका छन् । दुई विषयमा एनजी (नन ग्रेडेड) आएका विद्यार्थीहरूले मौका परीक्षामा सहभागिता जनाउन पाउने बोर्डले जनाएको छ । सैद्धान्तिकतर्फ न्यूनतम डी वा सोभन्दा माथिल्लो ग्रेड आएका वा दुई विषयमा अनुपस्थित भएका विद्यार्थीले परीक्षामा सहभागिता जनाउन पाउनेछन् । परीक्षा बिहान ११ बजेदेखि दिउसो २ बजेसम्म सञ्चालन हुनेछ । एक लाख ८७ हजार २१ विद्यार्थीको नतिजा एनजी आएको छ । तीमध्ये दुई विषयमा एनजी ल्याउने विद्यार्थीको संख्या एक लाख २७ हजार ७०७ रहेको छ । उनीहरूले मौका परीक्षा दिन पाउनेछन् ।

*- कान्तिपुर डटकम*

# बुटवल-नारायणगढ सडक कात्तिक १५ पछि सुरु हुने

**नवलपरासी,** साउन २०/नारायणगढ-बुटवल सडकखण्डको वर्षाले रोकिएको निर्माण आगामी कात्तिक १५ पछि मात्रै सञ्चालन हुने भएको छ । नेपालमा मनसुन सुरु भएपछि सडक विस्तारको काम रोकेको निर्माण पक्षले कात्तिक १५ पछि काम सुरु गर्नेगरी कार्यतालिका सरकारी पक्षलाई उपलब्ध गराएको हो ।




सडक निर्माणका लागि यही साउन १० गते पुन:एक वर्ष म्याद थप भए पनि अहिले सडक विस्तारको काम भने रोकिएको छ । नारायणगढ-बुटवल सडक खण्डअन्तर्गत नवलपरासी(बर्दघाट सुस्तापूर्व)को गैंडाकोटदेखि दाउन्ने खण्डमा अहिले सामान्य सडक मर्मत कार्यबाहेक अन्य काम ठप्प रहेको छ । बर्खाका कारण यो समयमा सडक कालोपत्र र विस्तारको काम नभए पनि पर्खाल निर्माण र मर्मतको काम भइरहेको नारायणगढ-बुटवल सडक आयोजना पूर्वी खण्डका इञ्जिनियर शिव खनालले बताए । 'सडक विस्तारको काम पूर्ण रूपमा बन्द छ भन्न त मिल्दैन, तर यो समयमा सडक कालोपत्रबाहेकको सामान्य पर्खाल निर्माण र खाल्डाखुल्डी मर्मतका लागि पूर्वी खण्डमा ६४ जना कामदार खटिएका छन्', उनले भने । सडक कालोपत्र र विस्तारको काम कात्तिक १५ देखि मात्र सञ्चालन गर्ने गरी समय तालिका निर्माण कम्पनीले सरकारी पक्षलाई उपलब्ध गराएको छ । योबीचमा मर्मत र पर्खाल निर्माण गर्नेगरी कार्यतालिका पेस गरेको भए पनि सोअनुसारको काम पनि अहिले सडकमा भएको देखिएको छैन् । चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसन प्रालिले सडक विस्तारको काम मनसुन सुरु भएदेखि नै रोकेको थियो । यसअघि थपिएको म्याद यही साउन ८ गते सकिएपछि सरकारले थप एक वर्षका लागि म्याद थपिदिएको हो । निर्माण कम्पनीले दुई पटक म्याद थप्दा पनि काम नसकेपछि सरकारले तेस्रो पटक म्याद थपेको हो । छोटो अवधिका लागि म्याद थप भए पनि निर्माण प्रगति हेर्दा थप म्यादमा पनि कार्यसम्पन्न हुनेमा आशङ्का गरिएको छ ।

इञ्जिनियर खनालले भने यो अन्तिम पटकका लागि म्याद थप भएकाले निर्माण पक्षले समयमै कामसक्ने अपेक्षा लिएको बताए । निर्माण कम्पनीले सरकारी पक्षलाई दिएको जानकारीअनुसार पूर्वी खण्डमा कामदार र कर्मचारीसहित एक सय ९८ जना खटिएका छन् । वर्षाले सडकमा पहिरो जाने र अवरुद्ध हुनसक्ने स्थानमा प्राथमिकता दिएर कामदार खटाएको निर्माण कम्पनीले जनाएको छ । 'सरकारले यो पटकको म्यादलाई अन्तिम पटक भनेकाले ठेकेदार कम्पनीले यसलाई अन्तिम अवसर ठानेर काम गर्ने छ भन्ने हामीले ठानेका छौँ', इञ्जिनियर खनालले भने । अघिल्लो वर्ष म्याद थप हुँदा सडकको भौतिक प्रगति ४२ प्रतिशत थियो । सडकको भौतिक प्रगति अहिले पूर्वी खण्डमा ५२ प्रतिशत रहेको इञ्जिनियर खनालले जानकारी दिए । एक सय १३ किमी सडकमध्ये ७० किमी चार लेन, २९ किमी चार लेनसहित दुवैतर्फ छ/छ मिटरको सर्भिस लेन, दाउन्नेमा १४ किमी तीन लेन, ६४ पुल, चार सय ६२ कल्भर्टलगायत संरचना निर्माण गर्नेगरी ठेक्का सम्झौता भएको यो आयोजनामा हालसम्म २६ दशमलव पाँच किमी चार लेन र २२ किमी दुई लेन सडक कालोपत्र, ४२ पुल र तीन सय ८० कल्भर्ट निर्माण गरिएको छ । विसं २०७९ साउन २२ मा सडक विस्तारको काम सम्पन्न गर्नेगरी २०७५ साल चैतमा यस सडक विस्तारको शिलान्यास गरिएको थियो । सडक विस्तारको काम समयमै सम्पन्न नहुँदा यो सडकखण्डको यात्रा निकै कष्टकर हुने गरेको छ । घाम लाग्दा धुलो र वर्षामा हिलोले गर्दा यो सडकखण्डको यात्रा अति कष्टकर हुने गरेको हो । *-रासस*

खेलकुद समाचार

## महिला सय मिटर दौडको स्वर्ण अल्फ्रेडलाई



**काठमाडौं,** साउन २०/सेन्ट लुइसकी जुलियन अल्फ्रेडले पेरिस ओलम्पिक २०२४ को महिला सय मिटर दौडको प्रतिष्ठित स्वर्ण जितेकी छिन् । सेन्ट लुइसले ओलम्पिक इतिहासमा जितेको यो नै पहिलो पदक हो । स्टाडे डे फ्रान्समा २३ वर्षीय खेलाडीले १०.७२ सेकेन्डमा दौड पूरा गरिन् । विश्व च्याम्पियन अमेरिकी खेलाडी साकारी रिचर्डसन दोस्रो तथा अमेरिकाकै मलेसिया जेफरसन तेस्रो स्थानमा रहे । जिम्न्यास्टिकमा अमेरिकाकी सिमोन बायल्सले महिला भल्टमा स्वर्ण जितिन् । यसपल्टको ओलम्पिकमा उनको यो तेस्रो स्वर्ण हो । यस्तै पौडीमा अमेरिकाकी केथी लेडस्कीले आठ सय मिटर फ्रि स्टाइलमा स्वर्ण हात पारिन् । उनको यो पेरिस ओलम्पिकमा यो चौथो स्वर्ण हो । पदक तालिकामा चीन र अमेरिका शीर्ष दुई स्थानमा रहे । आयोजक फ्रान्स तेस्रोमा छ । चीनको १६ स्वर्ण, १२ रजत र नौ कांस्य छ । अमेरिकाको भने १४ स्वर्ण, २४ रजत र २३ कांस्य रहेको छ ।

अर्थ/कर्पोरेट समाचार

## सुन तोलामा २ सयले घट्यो




**पाल्पा,** साउन २०/नयाँ रेकर्ड बनाएको सुनको आइतबार भने घटेको छ । शुक्रवार अहिलेसम्मकै उच्च भएको सुनको भाउ तोलामा दुई सय रुपैयाँ घटेको हो ।

गएको शुक्रवार सुनको भाउ तोलामा पाँच सय रुपैयाँले बढेर अहिलेसम्मकै उच्च तोलाको एक लाख ४९ हजार नौ सय रुपैयाँ पुगेको थियो । आइतबार भाउ घटेर तोलाको एक लाख ४९ हजार सात सय रुपैयाँ कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ ।

आइतबार चाँदीको भाउ पनि तोलामा १० रुपैयाँले घटेको छ । शुक्रवार तोलाको एक हजार सात सय ९५ रुपैयाँमा कारोबार भएको चाँदीको भाउ आज तोलाको एक हजार सात सय ८५ रुपैयाँ रहेको महासैले जनाएको छ ।

# टुँडिखेल सुधार योजना...

...नगर प्रमुख सन्तोषलाल श्रेष्ठसँग पटक-पटक भेटेर पार्क भित्र सरसफाई गर्न आग्रह गर्दा पनि नसुनेपछि स्थानीयसँग पैसा उठाएर घाँस काट्न लगाएको स्थानीय अशोक महर्जनले बताए । नगर प्रमुख श्रेष्ठले भने नगरपालिकासँग तत्काल सरसफाइको लागि पर्याप्त जनशक्ति नभएको र केही समयमा त्यो काम गर्ने भने पनि स्थानीय साथीहरुले पैसा उठाएर काम गरेको बताए । उनले भने ' हामीले काम गर्छौं भन्दा भन्दै साथीहरुले सहयोग जुटाएर गर्नु भएछ, केही छैन् अब हामीहरुले पार्क सरसफाइमा ध्यान दिन्छौं ।'

'आफ्नो कार्यालय अगाडिको हरि बिजोग नदेख्नेले नगरको विकास गर्छ भनेर के आशा गर्नु ?' स्थानीय सुरेश लिगलले आक्रोस पोख्दै भने । आन्तरिक तथा बाह्य पर्यटकको पहिलो आँखा लाग्ने ठाउँ नै टुँडिखेल भएकाले यसको संरचना आकर्षण बनाउन नगरपालिकाको ध्यान पुग्नु पर्ने स्थानीय बसन्त सिमाङ्गैडा बताउँछन् । टुँडिखेलमा फुटबल मैदान र पैदलमार्गको काम निवर्तमान मेयर अशोक कुमार शाहीको पालामा नै ठेक्का लागेर सुरु भएको थियो । वर्तमान नगर प्रमुखको टिम आएपछि टुँडिखेलको संरचना बनाउन केही काम नभएको अमन श्रेष्ठले बताए । टुँडिखेल मात्र होइन पञ्चायत कालमा बनेको विरेन्द्र पार्कको पनि उस्तै हरिबिजोक छ । त्यहाँ भित्र जान सक्ने अवस्था छैन् । केही वर्ष अघिसम्म चारैतिर रंगीविरगी गुलावको फूल फुलेका हुन्थे । त्यहाँ पुग्ने जो कोही भित्र पसेर रमाउने गर्थे । तर पार्क अहिले शौचालय जस्तो बनेको स्थानीय सुरेन्द्रमान कर्माचार्यको गुनासो छ । पाल्पा उद्योग वाणिज्य संघको आर्थिक सहयोगमा त्यहाँ केही वर्ष अघि पार्क सरसफाई र रगं रोगन गरिएको थियो तर नगरपालिकाले त्यसलाई निरन्तर नदिदाँ अहिले नाम मात्रको फुलबारी बनेको संघका अध्यक्ष शैलेन्द्र भट्टटाईले बताए । 'तानसेन नगरपालिकाले कर उठाउँदा राजश्व पहिला भन्दा बढेको नगर प्रमुखले कार्यक्रममा भन्ने गरेको सुनिन्छ कहाँ के कामका लागि त्यो रकम खर्च हुन्छ कही देखिन्न' मोहन सुवालले प्रश्न गरे । तानसेन भन्दा पछिको सहर बुटवलको आकर्षकस्थल फूलबारीले देशैभरी चर्चा पाएको छ । तर श्रीनगर त्यो भन्दा धेरै रमणीय ठाँउ हो तर त्यसको विकास सधैं भाषणमा मात्र हुन्छ ।

त्यहाँ जाँदा घाँसे मैदान र प्लाष्टिक यत्रतत्र छरिएका र फुटेका सिसा बाहेक अरु केही देख्न छैन् । प्रकृतिले बरदान दिएको ठाँउ तानसेन पाल्पा ढाका र करुवाले मात्र चर्चा पायो तर सहर आर्कषण बनाउने योजना न त विगतमा भयो नत अहिले नै बनेको छ । हरेक वर्ष योजना बन्छ, बजेट खर्च हुन्छ तर नगरको सुन्दरता बढाई आर्कषक बनाउने योजना कहिल्यै नभएको तानसेनवासीको गुनासो छ ।

नेपाल रेडक्रस सोसाइटी
पालपा जिल्ला शाखा

**भवन निर्माणका लागि जग्गा खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/४/२१**

**नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखा अन्तर्गत ब्लड बैंक भवन निर्माणका लागि जग्गा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले ईच्छुक जग्गाधनीले बिक्री गर्ने जग्गाको लालपुर्जा, नागरिकताको प्रतिलिपि र नापी नक्शासहित आफूले बिक्री गर्ने मूल्य उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।**

**विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।**

हार्दिक बधाई तथा शुभकामना



निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, वरिष्ठ सल्लाहकार, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, बेथल बोर्डिङ सेकेण्डरी स्कूल पाल्पाका निवर्तमान प्रिन्सिपल **खेमबहादुर सारू** ज्यू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

अशेष भट्टराई, सचिव एवं महेशमान बज्राचार्य, अध्यक्ष

**निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) परिवार**

तानसेन, पाल्पा

सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ अत्याधिक दर्शकले मन पराएका नेपाली चलचित्र 'शिरफूल', 'मोदीबेनी' र हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'

पहिलो शो : ११:३० बजे नेपाली चलचित्र 'शिरफूल', दोस्रो शो : २:३० बजे नेपाली चलचित्र 'मोदीबेनी' र तेश्रो सो साझ ५:३० बजे हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई